मिति:- २०४६।४।३१

समय:-

बैठक संख्या-६९

## सदस्यवर्गको उपस्थिति

| वडा नं. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १३ | प्रधानपंच | श्री बम देवान | |
| ११ | उपप्रधान पंच | श्री बलराम थापा | |
| १ | ग.पं.स. | श्री उद्धव श्रेष्ठ | |
| २ | " | श्री चन्द्र प्रसाद श्रेष्ठ | |
| ३ | " | श्री मोतिराज ताम्राकार | |
| ४ | " | श्री तोम प्र. आचार्य | |
| ६ | " | श्री सुरेन्द्र परालो (राई) | |
| ७ | " | श्री बुद्धराज मोक्तान | |
| ८ | " | श्री कृष्ण पारिद्धन | |
| ९ | " | श्री हिरा उदास | |
| १० | " | श्री जिवन कुमार लावती | |
| ११ | " | श्री धन प्रसाद लिम्बु | |
| १२ | " | श्री किशोर सुब्बा | |
| १३ | " | श्री रमेश श्रेष्ठ | |
| १४ | " | श्री पद्मनरसिंह श्रेष्ठ | |
| १५ | " | श्री पूर्ण सुवेदी | |
| १६ | " | श्री राम बहादुर घिमिरे | |
| १७ | " | श्री धारण बहादुर राई | |
| १८ | " | श्री रमेश राई | |
| १९ | " | श्री डम्बर बहादुर तामाङ | |
| | पदेन सदस्य | | |
| ने.भू.सै.सं. | सभापति | श्री इच्छाराज गुरुङ | |
| ने.यु.सं. | " | श्री मिन कुमार सुब्बा | |
| ने.कि.सं. | " | श्री युवराज ढकाल | |
| ने.प्रौ.सं. | " | श्री विष्णु मोहन पलिखे | |
| ने.म.सं. | " | श्री विष्णु कुमार राई | |
| ने.आलिलासं. | " | श्रीमति लक्ष्मी राई | |

आज मिति २०४६।४।३१ गते मंगलवार बिहान ८ बजे ध.न.पं. को बैठक प्रधान पंच श्री बम देवान ज्यू को अध्यक्षतामा बैठक बसी निम्न प्रस्ताव सम्बन्धमा छलफल प्रारम्भ गरियो।

ह.प.उ.

प्र.नं. १. श्री ५ मुमा बडामहारानी सरकारको ६१ औं शुभ जन्मोत्सव मनाउने बारे।

यहि आउँदो ०४६ भाद्र ४ गते श्री ५ मुमा बडामहारानी रत्नराज्य लक्ष्मी देवी शाह सरकारको ६१ औं शुभ जन्मोत्सव तथा आन दिवस बिभिन्न कार्यक्रमहरुका साथ भव्य एवं धुमधाम संग मनाउन निमित्त नेपाल महिला संगठन प्रा० समिती धानकुटाका सभापती श्री मती लक्ष्मी राईको संयोजकत्वमा "श्री ५ मुमा बडा महारानी सरकारको ६१ औं शुभ जन्मोत्सव समारोह समिती" गठन गर्ने निर्णय गरियो। उक्त समितीमा पंच, वर्गिय संगठनका पदाधिकारी, समाजसेवी बुद्धिजिवी, व्यापारी, बिभिन्न शैक्षिक तथा सामाजीक संघ, संस्थाका पदाधिकारीहरु कार्यालय प्रमुखहरु सदस्य रहने छन्।

उक्त समारोह मनाउनको लागी चालु आ.व. ०४६/४७ को स्वीकृत बजेटमा भै परी शिर्षक अन्तर्गत छुट्टिएको रु. १०००/- एकहजारमा नबढाई खर्च गर्ने निर्णय गरियो।

प्र.नं. २

हाल वार्ड नं. ६ मा अव्यवस्थित रुपमा रहेको कान्जी हाउस, हाँस कुखुरा पसल, भारीको भाडा बर्तनको पसल, भानुचौक उत्तर दक्षिण बाटोको छेउ छाउको सब्जिपसल हरु समेत उपयुक्त स्थानमा सार्ने सम्बन्धमा श्रीमान प्रधान पंचको अध्यक्षतामा मिति ०४६।४।८ गते ~~बसेको~~ पंच, बुद्धिजीवीहरुको उपस्थितीमा बसेको बैठकको निर्णयानुसार वार्ड नं. १ स्थित कैलाश प्रकाश जोशीको परिवार समेतको स्वामित्वमा रहेको पुतलीबजार उत्तर स्वेतबुद्ध भवन देखि दक्षीण वार्ड नं. ६ नरेन्द्रपथबाट वार्ड नं. १ गोतमपथ भै श्रीमती दुर्गा देवी बस्नेतको जग्गा देखी दक्षीण तर्फबाट खेहो सम्म जाने तेसो बाटो देखि दक्षीण सिमानामा रहेको जग्गामा नं० चौ बाट सम्बन्धीत जग्गाधनी ~~[illegible]~~ गरी ~~[illegible]~~ बार्षिक रु. ~~१०००/- सम्म~~ भाडामा लिई उल्लेखित पसल हरु र कान्जी हाउस समेत स्थानीय प्रशासनको सहयोग लिई सार्ने निर्णय गरियो।

प्र.नं. ३ घर नक्सा पास दस्तुर न.पं.को छुट सम्बन्धमा

गत: ०४५ भाद्र ५ गते गएको महाभुकम्पबाट न.पं. क्षेत्र भित्रका ध्वस्त तथा क्षतीग्रस्त भएका घर धनीहरुलाई आवास निर्माणको लागी गत: आ.व. ०४५/०४६मा

भूकम्प पिडित भएको कारणबाट निर्माण सामाग्रीहरू मा लागेको न० पं० का फिर्ता भुक्तानी र घर नक्सा पास दस्तुर मिन्हा दिई आएकोमा चालु आ०व० को लागी पनि न० पं० का तथा नक्सा पास दस्तुर छुट दिने निर्णय गरियो। एक छुट आवास कर्जा लिने व्यक्तिलाई मात्र उपलब्ध गराउने।

प्र० नं० ४

यस न० पं० को प्रधान पंच, उप प्रधान पंच र प्रधान अधिकृत समेतको निवासमा जडान रहेको टे० नं० २७९, ५०६, र २२१ को गत ०४५/४६ सम्मको टेलीफोन तथा ट्रंक महसुल वापत दूर संचार कार्यालय धरानलाई विलम्बमा भुक्तानी गर्नु पर्ने रकम चालु आ. व. ०४६/४७ को स्वीकृत बजेटको शि० नं० ११ को मै परी शिर्षक अन्तर्गत उप शि. नं. (ङ) को विशेष अपर्झट मै परी आउने शिर्षकमा कुट्टिएको रु. १०००००।- एकलाख मध्ये बाट भुक्तानी गरी दिने र ~~उप प्रधान पंचको निवासमा रहेको टे. नं. ५०६ को एस. टि. डि. कट्टा गर्ने~~ कार्यालयमा जडान रहेको टेलीफोनमा एस० टि० डी० सेवाको आवश्यक व्यवस्था गरी लगत पुस्तीका राख्न समेत निर्णय गरियो।

प्र० नं० ५

गत: ०४६ आषाढ महिनामा यस न०पं० ~~क्षेत्र~~ भित्रका जनताहरूलाई नागरिकता वितरण कार्यको लागी खटी आएको टोलीमा भएको मसलन्द, ट्याक्सी भाडा, तथा अन्य खर्चहरूको लागी निकासा भएको पेश्की रु. २५००।- मध्ये पेश हुन आएको विवरण अनुसार नपुग रकम बढ्न गएमा विश्वकर्माबाट टिप्पणीको फर्छ्यौट लिई छुट भएका वार्डहरूलाई रु. १००।- एक सयका दरले मै परी आउने शि. नं. ११ को उप शि. नं. (ङ) मा कुट्टिएको रकम मध्येबाट रु. २००।- दिने र नपुग रकम वार्ड समितीहरू लाई ~~प्रशासनीक खर्चको~~ लागी कुट्टिएको बजेटबाट बढीमा २५०।- दिने निर्णय गरियो।

प्र० नं० ६

धरानमा कोशी अंचलाधीश कार्यालय भवन निर्माणको लागी अविलम्ब निर्माण कार्य संचालन गर्नु पर्ने भएकोले चालु आ०व० ०४६/४७ को स्वीकृत बजेटको निम्न शिर्षकबाट रकमान्तर गरी अंचलाधीश

कार्यालय भवन निर्माण शिर्षकमा खर्च गर्ने निर्णय गरियो।

तपसिल

| शि॰ नं॰ | शिर्षक | रकम |
| --- | --- | --- |
| १२ (ख) | बिकाश निर्माण | |
| | (१) शौचलाधीश क्वार्टर निर्माण | - २,००,०००/- |
| | (३) सभा गृह भवन " | - १,००,०००/- |
| | (५) नया बसपार्कमा यात्री विश्रामालय तथा शौचालय निर्माण | — २,००,०००/- |
| १३. | अन्य खर्च | |
| | (ख) सावा, ब्याज, किस्ता भुक्तानीको लागि रु॰ | ४,६२,०००/- |
| | रु॰ नौलाख बैसट्ठी हजार मात्र। | ९,६२,०००/- |

हाललाई निर्माण कार्य शुरु गर्न न॰ पं॰ कोषमा रकम अपुग भएकोले न॰ पं॰ को धौंये खाताबाट रु॰ ७,००,०००/- सातलाख रूपैया क्रमश सापटी लिई निर्माण कार्य शुरु गरी धौंये खाताबाट लिएको सापटी रकम चालु आ॰ व॰ ०४३/४४ भित्रै धौंये खातालाई सोधभर्ना गर्ने निर्णय गरियो।

विशेष प्रस्ताव

~~आ॰ व॰ ०४२/४३ मा हाटबजार तथा गुदरीको असुल गर्ने ठे॰ तारा सुब्बाले यस न॰ पं॰ लाई बुझाउनु पर्ने~~

वडा नं॰ १२ का भु॰ पू॰ अध्यक्ष तथा न॰ पं॰ स॰ श्री कुलदीप सुब्बाको सवारी दुर्घटनामा परी गतः मिती ०४३।८।५ गते निधन भएकोले निजको आर्थिक अवस्था लाई दृष्टीगत गरी निजको छोरा आशिष सुब्बालाई अध्ययनार्थको लागि रु॰ ९०००/- नौ हजार मात्र शि॰ नं॰ ११ को मै पर्ने शिर्षक अन्तर्गत उप शि॰ नं॰ (ङ) अपर्झट मै पर्ने आउने शिर्षकबाट छुट्टिएको रकम मध्येबाट आ॰ स॰ उपलब्ध गराउने निर्णय गरियो।

अर्को बैठक भोली बिहान ८/३० बजे बाँकी बिषयहरु मा छलफल गर्न र बिविध बिषय समेत समावेश गरी बैठक बस्ने निर्णय गरियो।

मिती:- २०४६।४।३२

बैठक संख्या:- ६०

सदस्यवर्गको उपस्थिति

समय: बिहान ६/३० बजे

| वार्ड नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १२ | प्रधान पंच | श्री बम देवान | [signature] |
| ११ | उप प्रधान पंच | श्री बलराम थापा | [signature] |
| १ | न० प० स० | श्री उद्धव श्रेष्ठ | |
| २ | " " " | श्री चन्द्र प्रशाद श्रेष्ठ | [signature] |
| ३ | " " " | श्री मोतीराज ताम्राकार | |
| ४ | " " " | श्री रोम प्रशाद आचार्य | |
| ५ | " " " | श्री सुरेन्द्र पराली (राई) | [signature] |
| ६ | " " " | श्री बुद्धराज मोक्तान | [signature] |
| ७ | " " " | श्री कृष्ण पारवीन | [signature] |
| ८ | " " " | श्री हिरा उदाश | [signature] |
| ९ | " " " | श्री जिवन कुमार लाक्ली | [signature] |
| १० | " " " | श्री धन प्रशाद लिम्बु | |
| ११ | " " " | श्री किशोर सुब्बा | |
| १२ | " " " | श्री रमेश श्रेष्ठ | [signature] |
| १३ | " " " | श्री पद्म नरसिंह श्रेष्ठ | |
| १४ | " " " | श्री पूर्ण सुवेदी | [signature] |
| १५ | " " " | श्री राम बहादुर घिमीरे | |
| १६ | " " " | श्री शरण बहादुर राई | [signature] |
| १७ | " " " | श्री रमेश राई | [signature] |
| १८ | " " " | श्री ईश्वर बहादुर तामाङ्ग | [signature] |
| १९ | " " " | | [signature] |
| | पदेन सदस्य | | |
| ने०मू०सें०स० | सभापति | श्री इच्छाराज गुरुङ्ग | [signature] |
| ने० यू० स० | " | श्री मित्र कुमार सुब्बा | [signature] |
| ने० कि० स० | " | श्री युवराज ढकाल | |
| ने० प्रौ० स० | " | श्री विष्णु मोहन पालरेचे | |
| ने० मा० सा० | " | श्री विष्णु कुमार राई | [signature] |
| ने० महिला सं० | " | श्रीमती लक्ष्मी राई | [signature] |

आज २०४६ साल श्रावण ३२ गते बुधवार बिहान ६/३० बजे ध. न. पं. को बैठक प्रधान पंच श्री बम देवान ज्यु को अध्यक्षतामा बसी निम्न प्रस्ताव सम्बन्धमा छलफल प्रारम्भ गरी निम्न बमोजिम निर्णय गरियो।

क्रमशः

प्र. नं. १ आ. ब. ०४६/४७ को बजेट पुनरावलोकन गर्ने सम्बन्धमा

चालु आ. ब. ०४६/४७ को स्वीकृत बार्षिक बजेट को पुनरावलोकन गर्दा गत: आ. ब. ०४५/४६ को स्वीकृत बजेटको आम्दानी शिर्षक अन्तर्गत निम्न उप शिर्षक-हरुमा लक्ष बमोजीम आम्दानी हुन नसकेकोले चालु आ. ब. मा शिर्षकहरुमा तोकिए बमोजीमको रकम सम्बन्धित वार्ड अध्यक्षज्यूहरुको सहयोग लिई कडाइका साथ असुल उपर गरी प्रत्येक महिनाको प्रगती बिवरण आगामी ~~बैठक~~ बैठकमा पेश गर्नु पर्ने निर्णय गरीयो।

तपसिल

(१) बिभिन्न पेशा व्यवसाय कर बक्यता रकम असुल गर्ने।
(२) अचल सम्पत्ति बहाल शिर्षक अन्तर्गत वार्ड नं. ३ को रहेटो भाडा सम्बन्धित ब्यक्तिहरुबाट अबिलम्ब असुल गर्ने।

प्र. नं. २ वार्ड नं. ७ को ढल सम्बन्धमा

वार्ड नं. ७ का श्री श्याम गौचिन्द्रेघर देखि दक्षीण ओरेपुल सम्मको क. द. अरक्षण सर्फेस ड्रेन निर्माण गर्ने सम्बन्धमा गत: आ. ब. ०४५/४६ मा उक्त योजनाको लागी रु ३२०००/= निकासा भै कार्य संचालन भएको तर रकम नपुग भै योजना अधुरो रहेकोले उक्त अधुरो योजना पुरा गर्न अनिवार्य भएको र प्राविधिक तथा सम्बन्धित वार्ड अध्यक्षज्यू को सिफारिश भै आएको हुँदा उक्त योजना पुरा गर्न चालु आ. ब. ०४६/४७ को स्वीकृत बजेटको बिकास निर्माण शिर्षक नं. १२ को उप शिर्षक नं. २० मा वार्ड नं. ७ भोटे पुल देखि दक्षीण वार्ड नं. ८ बगाल्दे सम्म ढल निर्माण गर्ने भनी छुट्याएको रु ५०,०००/= मध्येबाट ~~आवश्यक~~ रु २५०००/= पच्चीस हजार रकम ~~रकमात~~ गरी कार्य पुरा गराउने निर्णय गरियो।

प्र. नं. ३ बिबिध

(१) धरान वार्ड नं. ६ बाट ९ जोडिने पुतली बजारको सडकको साइड ड्रेन सडक बिभागबाट बिगत बर्ष अधुरो निर्माण भै बर्षा याममा पानी जमी यातायात नै अवरुद्ध भै सर्व साधारणलाई ज्यादै कठिनाई परि रहेको हुँदा सो ढल निर्माण कार्य पुरा गर्न श्री प्रभु भेषको घरको

अ ११ ८२

दक्षिण भाग भत्काउनु पर्ने भएकोले उक्त पुल निर्माण कार्यको लागी चालु आ. ब. मा ६ नं. वार्ड समितिलाई केहि रकम समेत निकाश भै सकेकोले सम्बन्धित घर धनीलाई हाललाई पुल निर्माण गर्न चाहिने करीब ५ फिट जग्गा घर हटाई छाडी दिन अनुरोध गर्ने र सो अनुरोध बमोजीम नभएमा पूर्व निर्णय अनुसार गर्न गराउन कार्य शुरु गर्ने मिती तय गरी न.पं. का सम्पूर्ण सदस्य वर्ग उक्त स्थानमा उपस्थित हुने निर्णय गरियो।

(२) यस न.पं. को निर्णयानुसार कानुन अधिकृत ०४५/४६ को नगर सभाको निर्णयानुसार नियुक्ती गरिएकोमा चालु आ. ब. को लागी उक्त दरबन्दी यथावत कायम गर्ने निर्णय गरियो।

(३) यस न.पं. का कर्मचारीहरुले नियमानुसार पाउने ०४३ ~~सालको~~ सञ्चयको ~~सं~~चीत बिदाको भुक्तानी हुन बाँकी रकम किस्ता किस्ता गरी भुक्तानी दिने निर्णय गरियो।

(४) बारुणयन्त्रका कार्यरत जवानहरुलाई नगर सभाको निर्णयानुसार यहि श्रावण महिना देखि मासिक रु. ५०/- को दरले भत्ता थप गरी दिने निर्णय गरियो।

(५) वार्ड नं. १ मा कान्जी हाउस निर्माण गर्ने सम्बन्धमा पेश हुन आएको लागत स्टमेट अनुसार रु. २०,८८७/२४ मध्ये न.पं. को चालु आ. ब. ०४६/४७ को स्वीकृत बजेटको बिकाश निर्माण शिर्षक नं. १२ को जन सहयोग जुटने योजनाको लागी छुट्टिएको रु. ६०,०००/- साठी हजार मध्येबाट रु. ५०००/- पाँच हजार मात्र उक्त वार्डको वार्ड अध्यक्षको अध्यक्षतामा उपभोक्ता समिति गठन गरी कान्जी हाउस निर्माण गर्ने र सो को लागी आवश्यक पर्ने लकडी न.पं. मा रहेको लकडी उपलब्ध गराउने निर्णय गरियो।

(६) वार्ड नं. ६/१० बिच खहरे खोलामा आ. ब. ०४६/४७ मा श्री ५ को सरकारबाट प्राप्त हुने बिकाश अनुदान रकमबाट पुल निर्माण गर्ने योजना गत: ०४५ सालको १४ औं नगर सभाबाट निर्णय भए अनुसार

उक्त योजना संचालन गर्न न०पं० लाई निकाशा हुनु पर्ने विकाश अनुदान अविलम्व निकाशा माँग गरी पठाउने निर्णय गरियो।

(७) यस न०पं० को विभिन्न वार्डहरूको ढलनाला विभिन्न कारोबार पुरीहरूको सम्बन्धमा वार्ड नं० १६ का त. स. स. श्री कृष्ण चुवेदीको संयोजकत्वमा खडाइएको समितीले मिति ०४३।४।२४ मा पेश गरेको प्रतिवेदन बमोजीम वार्ड वार्डको ढलको मारो, बालु, गीटी आदी आई अन्यत्र ढुवानी गरी फाल्ने कामको लागी नियमानुसार बोलपत्र माँग गरी ढुवानीको व्यवस्था गराउने र सो को लागी आवश्यक रकम विकाश निर्माण शिर्षक नं० १२ को उप शि. नं. ५० को जनसहयोग जुटने योजनामा खर्च गर्ने भनी कुट्टिएको रु. ६०,०००। मध्येबाट नियमानुसार खर्च गर्ने निर्णय गरियो।

(८) वार्ड नं० १ देखि १९ सम्मका वार्डहरूको विभिन्न मै परी आउने मर्मत सुधारको लागी आवश्यक रकम वार्ड समितीलाई निकाशा गर्ने सम्बन्धमा छलफल हुँदा वार्ड स्तरीय योजनाको लागी कुट्टिएको रकम मध्येबाट कट्टा हुने गरी प्रत्येक वार्डलाई रु. १०,०००= र प्रशासन तथा बिद्युत सडक बत्तीको लागी निकाशा हुन बाँकी रहेका वार्डहरूलाई रु. ५०००।= को दरले नियमानुसार वार्ड समितीको खातामा जम्मेर निकाशा गरी रित पूर्वक खर्चको फाँरवारी लिने निर्णय गरीयो।

(९) वार्ड नं० ८ का अध्यक्ष तथा न०पं० स० श्री कृष्ण पाण्डेले वार्ड समितीको मासिक घर भाडा र पाउने भत्ताबाट कट्टा हुने गरी रु० १५,०००= पन्ध्रहजार सापटी पाउ भनी माँग गर्नु भएको निवेदन सम्बन्धमा रु० १०,०००= दसहजार मात्र सापटी उपलब्ध गराउने निर्णय गरियो। उक्त रकम पाउने भत्ता तथा घर भाडा बापत निकाशा हुने रकमबाट कट्टा गर्ने।

(१०) पंचायतका विभिन्न ६ वटा संगठनहरूलाई संयुक्त कार्यालय खडा गर्न जग्गाको व्यवस्था गर्ने सम्बन्धमा वार्ड नं० ७ स्थित पुरानो बजारको टहराको स्थानमा नया भवन निर्माण गरी

तल्लो कोठभाडामा लगाई माथिल्लो कोठा निर्माण गराई ६ बर्गीय कोठनलाई उपलब्ध गराउने निर्णय गरियो।

(११) निम्न संस्था तथा व्यक्तीहरूले बिभीन्न कारोबार दर्शाई आ० स० माग गरेको निवेदन सम्बन्धमा निम्न बमोजीम आ० स० बापत शि० नं० १० को आ० स० च० पु० शिर्षकको बिभीन्न सामाजीक संघ संस्थालाई छुट्टिएको रु. ५३२०। मध्येबाट दिने निर्णय गरियो।

(१) श्री मोती स्मृती भवनलाई रु० २५००।
(२) श्री अनाम नाट्य जमातलाई रु० - ५००।
(३) मुलुकी ऐन दिवश मनाउन रु० ५००।
(४) कृष्ण राई धरान-१० बस्नेलाई रु० - ५००।
(५) राजाराम सिंह थापालाई रु० -१०००।
(६) अशोक खनाललाई रु० - ३२०।

पाँचहजार तिनसय बिसमात्र (५३२०।=

आजको बैठक दिउँसो ४/४५ बजे समाप्त गरीयो।

बै० सं० ७१

मिति- ०४६।५।२०
समय- बिहान ८ बजे

## सदस्य वर्गको उपस्थिती

| वार्ड नं० | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १३ | प्रधान पंच | श्री बम देवान | अनु० |
| ११ | उप प्रधान पंच | श्री बलराम थापा | अनु० |
| १ | न० पं० सदस्य | श्री उद्धव श्रेष्ठ | [signature] |
| २ | " " " | श्री चन्द्र प्रसाद श्रेष्ठ | [signature] |
| ३ | " " " | श्री मोतीराज ताम्राकार | अनु० |
| ४ | " " " | श्री सोम प्रसाद आचार्य | [signature] |
| ५ | का०बा० अध्यक्ष | श्री गनेन्द्र बल श्रेष्ठ | [signature] |
| ६ | न० पं० स० | श्री सुरेन्द्र पराजुली | अनु० |
| ७ | " " | श्री बुद्धराज मोक्तान | [signature] |
| ८ | " " | श्री कृष्ण पाखिन | [signature] |
| ९ | " " | श्री हिरा उदास | [signature] |
| १० | " " | श्री जीवन कुमार लावती | [signature] |
| ११ | " " | श्री धन प्रसाद लिम्बु | [signature] |
| १२ | " " | श्री किशोर सुब्बा | [signature] |
| १३ | " " | श्री रमेश श्रेष्ठ | [signature] |
| १४ | " " | श्री पदम नरसिंह श्रेष्ठ | [signature] |
| १५ | " " | श्री स्वर्ण चुवेदी | [signature] |
| १६ | " " | श्री ज्ञान बहादुर घिमिरे | [signature] |
| १७ | " " | श्री शरण बहादुर राई | [signature] |
| १८ | " " | श्री रमेश राई | [signature] |
| १९ | " " | श्री डम्बर बहादुर तामाङ | [signature] |

### पदेन सदस्य

| संस्था | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| ने० प्रौढ सं० प्रा० समिती | सभापती | श्री बिष्णु मोहन पतिवे | अनु० |
| ने० भू० पू० सै० सं० | " " " | श्री इच्छाराज गुरुङ | [signature] |
| ने० किसान सं० | " " " | श्री युवराज बराल | [signature] |
| ने० युवक सं० | " " " | श्री मिन कुमार सुब्बा | [signature] |
| ने० मजदुर सं० | " " " | श्री बिष्णु कुमार राई | [signature] |
| ने० महिला सं० | " " " | श्रीमती लक्ष्मी राई | अनु० |

आज मिति ०४६।५।२० गते बिहान ७/३० बजे बैठक बोलाइएकोमा ८/३० बजे सम्म प्रधान पंच ज्यू तथा उप प्रधान पंच ज्यू समेत दुवै अनुपस्थित रहनु भएकोले ८/४० मा उपस्थित सदस्यहरू मध्येबाट वार्ड नं० १७ का अध्यक्ष श्री शरण बहादुर राईको अध्यक्षतामा बैठक बसी निम्न प्रस्ताव सम्बन्धमा छलफल प्रारम्भ गरियो।

[signature]

प्र.नं.१ समिती गठन गर्ने सम्बन्धमा

न.पं. संशोधित ऐन २०४४को दफा १८ बमोजीमको दफा २ बमोजीम निम्न समितीहरू गठन गर्ने र देहायका समितीमा देहायका सदस्यहरू सदस्य रहने छन्।

(१) समाजकल्याण समिती

(१) प्रधान पंच - सभापती
(२) उपप्रधान पंच - उप "
(३) र.पं.स. टोम प्र० आचार्य - सदस्य
(४) "" इच्छाराज गुरुङ - "
(५) " श्रीमती लक्ष्मी राई - "
(६) " मोतीराज तामाङ र

समयको अभावले समाज कल्याण समिती बाहेक [illegible] राखी बाँकी अन्य समिती गठनको लागी आगामी बैठकमा निर्णय गर्ने गरी आजको बैठक यहीं समाप्त गरियो।

बैठक संख्या:७२·

मिति:२०४६।७।१३
समय:- बिहान बजे

## सदस्यवर्गको उपस्थिती

| वार्ड नं० | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १३ | प्रधानपंच | श्री बम देवान | |
| ११ | उप-प्रधानपंच | श्री बलराम थापा | |
| १ | न०प०सदस्य | श्री उद्धव श्रेष्ठ | |
| २ | ,, | श्री चन्द्र प्र० श्रेष्ठ | |
| ३ | ,, | श्री मोतिराज ताम्राकार | |
| ४ | ,, | श्री टोम प्र० आचार्य | |
| ५ | का०वा० अध्यक्ष | श्री ज्ञानेन्द्र पक्क श्रेष्ठ | |
| ६ | न०प०सं० | श्री सुरेन्द्र पराली (राई) | |
| ७ | ,, | श्री बुद्दराज मोक्तान | |
| ८ | ,, | श्री कृष्ण पाखीन | |
| ९ | ,, | श्री हिरा उदास | |
| १० | ,, | श्री जीवन कु० नावती | |
| ११ | ,, | श्री धुन प्र० लिम्बु | |
| १२ | ,, | श्री किशोर सुब्बा | |
| १३ | ,, | श्री रमेश श्रेष्ठ | |
| १४ | ,, | श्री पद्मनरसिंह श्रेष्ठ | |
| १५ | ,, | श्री पुर्ण सुवेदी | |
| १६ | ,, | श्री राम बहादुर घिमिरे | |
| १७ | ,, | श्री शरण बहादुर राई | |
| १८ | ,, | श्री रमेश राई | |
| १९ | ,, | श्री डम्बर ब० तामाङ: | |

### पदेन सदस्य

| | | | | |
|---|---|---|---|---|
| ने०प्रौ०सं० | प्रा०का०स० | सभापति | श्री विष्णु मोहन पनिखे | |
| ने०मु०सै०सं० | ,, | ,, | श्री इच्छाराम गुरुङ: | |
| ने०कि०सं० | ,, | ,, | श्री युवराज ढकाल | |
| ने०यु०सं० | ,, | ,, | श्री मिन कुमार सुब्बा | |
| ने० मजदुर सं० | ,, | ,, | श्री विष्णु कुमार राई | |
| ने० महिला सं० | ,, | ,, | श्रीमति लक्ष्मी राई | |

आज २०४६ साल कार्तिक ९ गते बिहिबार बिहान ८ बजे न०पं० को बैठक प्रधान पंच श्री बम देवान ज्यू को अध्यक्षतामा बसी निम्न प्रस्ताव सम्बन्धमा छलफल प्रारम्भ गरियो।

प्र. नं. १ श्री ५ बडा महारानी सरकारको ४१औं शुभ जन्मोत्सव मनाउने सम्बन्धमा छलफल गर्दा बिभीन्न कार्यक्रमका साथ यहि ०४६ कार्तिक २२ गतेका दिन भव्य एवं धुमधाम सँग मनाउन नेपाल महिला संगठन प्रा० समितीका सभापति श्रीमती लक्ष्मी राईको संयोजकत्वमा "श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह ४१औं शुभ जन्मोत्सव समारोह समिती" गठन गर्ने निर्णय गरियो। उक्त समितीका सदस्यहरुमा पंचायत तथा बर्गीय संगठनका सम्पूर्ण पदाधिकारीहरु, सामाजीक, शैक्षिक संस्थाका पदाधिकारीहरु बुद्धिजीवी, ब्यापारी, प्रतिष्ठित महानुभावहरु र बिभीन्न कार्यालयका प्रमुखहरु रहने छन्।

उक्त समारोह कार्यक्रमको लागी चालु आ०ब० ०४६/४७ को स्वीकृत बजेटमा बिनियोजीत बजेट रकमको परिधी भित्र रहि खर्च गर्ने।

प्र० नं० २

यस न० पं० को बिभीन्न कामको सिलसिलामा प्रधान पंच ज्यू ले दैनीक रु. २००/= का दरले, [को.अ.च.२६२ को गाडी] भाडामा लिई संचालन गरी आएकोमा आगामी ०४६ मार्ग मसान्त सम्ममा न० पं० ले नया गाडी खरीद गरी सक्ने र उक्त अवधी सम्मको लागी उक्त भाडामा लिई आएको गाडी संचालन गर्ने। उक्त गाडीको भाडा शि. नं. ८ को इन्धन शिर्षक को क्र. सं. १ सवारी साधनकोलागी इन्धनको लागी छुट्टिएको रु. ४२०००/= मध्येबाट खर्च गर्ने निर्णय गरीयो।

प्र० नं० ३ श्री कोशी अंचल प्रहरी कार्यालय धरानको च. नं. ३६१ मिती ०४६।७।३० को पत्रानुसार प्रहरी अतिथीगृह निर्माणको लागी आर्थिक सहयोग माँग हुन आएकोमा उक्त प्रहरी अतिथीगृह निर्माणको लागी वार्ड स्तरीय बिकास निर्माण कार्यको लागी प्रत्येक वार्डबाट रु. १०००/= को दरले रु. १९०००/= कटौती गरी उक्त कार्यालयलाई रु. १५०००/= पन्ध्र-हजार र ट्राफिक प्रहरी कार्यालयको लागी लिएको घर भाडा बापत रु. ४०००/= चार हजार उपलब्ध गराउने निर्णय गरियो।

प्र. नं. ४ बिभीन्न गठन गर्न बाँकी रहेको समितीहरु [illegible] गठन गर्नको लागी प्रधान पंच ज्यू लाई समितीको

सदस्य तोक्ने अधिकार प्रत्यायोजन गरियो। गठन गर्नु पर्ने समितीहरू अविलम्ब गठन गर्ने व्यवस्था गर्ने निर्णय गरियो।

आजको बैठक दिनको १० बजे समाप्त गरियो।

बै. सं. 62

मिति:- ०४६।८।६
समय:- बिहान ८ बजे

सदस्य वर्गको उपस्थिति:-

| वार्ड नं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १३. | प्रधान पंच | श्री पम देवान | काठमाडौं काज |
| ११. | उपप्रधान पंच | श्री बलराम थापा | काठमाडौं काज |
| १. | न. पं. सदस्य | श्री कुलप्रद श्रेष्ठ | [signature] |
| २. | " " | श्री चन्द्र प्रसाद श्रेष्ठ | [signature] |
| ३. | " " | श्री मोतीराज तामाङ | अनुपस्थित |
| ४. | " " | श्री योग प्रसाद आर्याल | [signature] |
| ५. | का. वा. अध्यक्ष | श्री ज्ञानेन्द्र भक्त श्रेष्ठ | अनु. |
| ६. | न. पं. सदस्य | श्री सुरेन्द्र पाण्डे | [signature] |
| ६. | " " | श्री बुद्धिराज भोक्तान | [signature] |
| ८. | " " | श्री कृष्ण पाख्रीन | [signature] |
| ९ | " " | श्री हिरा उप्रास | अनुपस्थित |
| १० | " " | श्री जीवन कुमार लावती | [signature] |
| ११. | " " | श्री दिन प्रसाद लिम्बु | अनुपस्थित |
| १२. | " " | श्री किशोर ~~[struck]~~ सुब्बा | [signature] |
| १३. | " " | श्री रमेश श्रेष्ठ | [signature] |
| १४. | " " | श्री पद्म नरसिंह श्रेष्ठ | [signature] |
| १५. | " " | श्री पूर्ण सुवेदी | अनु. |
| १६. | " " | श्री राम बहादुर घिमिरे | [signature] |
| १७. | " " | श्री शरण बहादुर राई | [signature] |
| १८ | " " | श्री रमेश राई | |
| १९ | " " | श्री डम्बर बहादुर तामाङ | [signature] |

पदेन सदस्य:-

क्षे. प्रौ. सं. समिति: सभापति श्री विष्णु मोहन पत्लिये — अ.
ने. भू. पु. सै. सं. सभापति — श्री ईच्छाराज गुरुङ —
ने. कि. सं. सभापति — श्री युवराज ढकाल — [signature]
ने. यु. सं. सभापति — श्री मित कुमार सुब्बा —
ने. मजदूर सं. सभापति — श्री विष्णु ~~[struck]~~ कुमार राई — [signature]
ने. महिला सं. सभापति — श्रीमती लक्ष्मी राई — [signature]

आज २०४६ साल मार्ग ६ गते बिहान ८ बजे न० पं० को बैठक १९ नं. वडाका अध्यक्ष तथा हाल का० वा० प्रधान पंच श्री डम्बर बहादुर तामाङको अध्यक्षतामा बसी निम्न प्रस्ताव सम्बन्धमा छलफल गरी निम्न बमोजीम निर्णय गरियो।

प्र० नं०-१ श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवस मनाउने सम्बन्धमा:-
यहि आउदो ०४६ पौष १ गते श्री ५ महेन्द्र जयन्ती

तथा ऐतिहासिक संविधान दिवश बिभीन्न कार्यक्रमका साथ भव्य एवं धुमधाम संग मनाउने सन्दर्भमा छलफल हुंदा उक्त समारोह बिभीन्न कार्यक्रमका साथ धुमधाम संग मनाउनको लागी प्रधान पंच ज्यु को अध्यक्षतमा स्व० श्री ५ महेन्द्र जयन्ती तथा ऐतिहासिक संविधान दिवश समारोह समिती गठन गर्ने निर्णय गरियो।

उक्त समारोह समितीको सदस्यहरुमा न० पं० का सम्पूर्ण पंच पदाधिकारीहरु, बर्गिय संगठनका पदाधिकारीहरु, बिभीन्न सामाजीक, शैक्षिक संघ संस्थाका पदाधिकारी बिभीन्न कार्यालय प्रमुखहरु, व्यापारी, बुद्धिजीवी, समाजसेवी र नगरका प्रतिष्ठीत गण्यमान्य व्यक्तिहरु रहनेछन् र सदस्य सचिवमा नेपाल प्रौढ संगठन प्र० समितीका सभापती (पदेन सदस्य) श्री बिष्णु मोहन पाखिवेलाई मनोनयन गर्ने निर्णय गरियो।

उक्त कार्यक्रमको लागी चालु आ० ब० ०४३/४४ को स्वीकृत बजेटमा बिनियोजन भए बमोजीम रु. १०,००० दस हजारमा नबढाई खर्च गर्ने।

प्र० नं० २ दमकल मर्मत गराउने सम्बन्धमा

यस न० पं० को दमकल मर्मतको लागी काठमाण्डौ लगेकोमा हाल सम्म मर्मत सम्बन्धी प्रगती नभएको हुंदा उक्त दमकल राम्रो हालतमा मर्मत गराउन आवश्यक भएकोले सम्बन्धित वर्कसपहरुमा सम्पर्क राखि नियमानुसार लागत स्टिमेट र बोलपत्र समेत लिई आउन निम्न सदस्यहरुलाई काठमाण्डौ पठाउने निर्णय गरियो।

वार्ड नं० २ का न० पं० स० श्री चन्द्र प्रसाद श्रेष्ठ - संयोजक
सभापती ने० किसान सं० श्री युवराज ढकाल - सदस्य
" ने० मजदुर सं० श्री बिष्णु कुमार राई "

उक्त ३ सदस्यीय प्रतिनिधी मण्डललाई भ्रमण तथा दैनीक भत्ता बापत रु. २०००।- दुईहजारका दरले भ्रमण पेश्की निकाशा गर्ने निर्णय गरियो।

उक्त समितीले दमकल मर्मत सम्बन्धमा प्रतिवेदन पेश गरे पछी मात्र न० पं० बैठकबाट निर्णय गराई रकम निकाशा गर्ने।

आजको बैठक बिहान ९/४० मा समाप्त गरियो।

बैठक संख्या - ६३

मिति - २०५६/८/२६
समय - बिहान ६:३० बजे

सदस्यवर्गको उपस्थिति -

| वडा नं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १३. | प्रधान पञ्च | श्री बम देवान | [signature] |
| ११. | उपप्रधान पञ्च | श्री बलराम थापा | उप |
| १. | न. पं. सदस्य | श्री उद्धव श्रेष्ठ | [signature] |
| २. | ,, ,, ,, | श्री चन्द्र प्रसाद श्रेष्ठ | [signature] |
| ३. | ,, ,, ,, | श्री मोतीराज तामाङ्ग | [signature] |
| ४. | ,, ,, ,, | श्री टोम प्रसाद आचार्य | [signature] |
| ५. | का. वा. न. पं. स. | श्री ज्ञानेन्द्र भक्त श्रेष्ठ | उप |
| ६. | न. पं. सदस्य | श्री सुरेन्द्र पाण्डे | [signature] |
| ७. | ,, ,, ,, | श्री युधराज मोक्तान | [signature] |
| ८. | ,, ,, ,, | श्री कृष्ण पारखीन | उप |
| ९. | ,, ,, ,, | श्री हिरा उदास | [signature] |
| १०. | ,, ,, ,, | श्री जीवन कुमार लावती | [signature] |
| ११. | ,, ,, ,, | श्री धन प्रसाद लिम्बु | [signature] |
| १२. | ,, ,, ,, | श्री किशोर सुब्बा | उप |
| १३. | ,, ,, ,, | श्री रमेश श्रेष्ठ | [signature] |
| १४. | ,, ,, ,, | श्री पदम नरसिंह श्रेष्ठ | उप |
| १५. | ,, ,, ,, | श्री पूर्ण सुवेदी | उप |
| १६. | ,, ,, ,, | श्री राम बहादुर घिमिरे | उप |
| १७. | ,, ,, ,, | श्री शरण बहादुर राई | [signature] |
| १८. | ,, ,, ,, | श्री रमेश राई | उप |
| १९. | ,, ,, ,, | श्री इम्बर बहादुर तामाङ्ग | [signature] |

पदेन सदस्य -

| | | | |
|---|---|---|---|
| ने. प्रौ. सं. सभापति | श्री बिष्णु मोहन पलिखे | [signature] |
| ने. भू. पु. सै. स. सभापति | श्री ईच्छाराज गुरुङ | [signature] |
| ने. कि. स. | ,, | श्री युवराज ढकाल | [signature] |
| ने. यु. स. | ,, | श्री लीन कुमार सुब्बा | उपस्थित [signature] |
| ने. मजदुर सं. | ,, | श्री बिष्णु कुमार राई | [signature] |
| ने. महिला स. | ,, | श्रीमती लक्ष्मी राई | उप |

आज २०५६ साल मार्ग २६ गते मंगलवार बिहान ६/३० बजे न. पं. को बैठक प्रधान पंच श्री बम देवान ज्यूको अध्यक्षतामा बसी निम्न प्रस्ताव सम्बन्धमा छलफल प्रारम्भ गरी निम्न बमोजीम निर्णय गरियो।

प्र. नं. १ श्री ५ महाराजाधिराज सरकारको ५५ औं शुभ जन्मोत्सव मनाउने बारे
यहि आउँदो ०५६ पौष १४ गते राष्ट्रनायक श्री ५ महाराजाधिराज

वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ४५ औं शुभजन्मोत्सव विभिन्न कार्यक्रमको साथ भव्य एवं उल्लासमय वातावरण मा मनाउने सन्दर्भमा श्रीमान प्रधान पंच ज्यु को अध्यक्षतामा "श्री ५ वीरेन्द्र ४५ औं शुभ जन्मोत्सव समारोह समिती गठन" गर्ने निर्णय गरियो। उक्त समारोह समितीमा पंचायतका सम्पूर्ण सदस्य वर्ग, वर्गीय संगठनका पदाधिकारी, विभिन्न सामाजीक, शैक्षिक, संघ संस्थाका पदाधिकारीहरु, व्यापारी, बुद्धिजिवी, समाजसेवी, र नगरका गण्यमान्य, प्रतिष्ठित महानुभावहरु, विभिन्न कार्यालय प्रमुखहरु सदस्य रहने छन्। सदस्य सचिवमा वार्ड नं ३का अध्यक्ष श्री चन्द्र प्रसाद [illegible]लाई मनोनयन गरीयो।

उक्त कार्यक्रमको लागी चालु आ० व० ०४५/४६ को स्वीकृत बजेटमा विनियोजीत रकमको परिधी भित्र रहि खर्च गर्ने निर्णय गरियो।

प्र नं २. सफाई कार्य सम्बन्धमा

यस न० पं० ले चालु आ० व० ०४५/४६ को लागी नगर सफाई गर्ने ठेक्का वार्ड नं. १० बस्ने टेक प्रसाद लिम्बु को नाममा स्वीकृत भै ठेक्का पट्टाको सम्झौता भएकोमा नगर सफाई कार्य सन्तोषजनक नभएको भन्ने सम्पूर्ण सदस्यहरुबाट गुनासो व्यक्त भएकोले सम्झौताको दफा ८ बमोजीम मिती ०४५।९।१ देखि ठेक्का खारेज गरी उक्त सफाई कार्य १९ वार्डको वार्ड समिती कार्यालय मार्फत सन्चालन गराउने निर्णय गरीयो। ठेक्का रकमको परिधी भित्र रहि निम्न वार्डमा निम्न बमोजीम कुचिकारहरु अस्थाई ज्यालादारीको रुपमा समिती बाट नियुक्ती गराई मासिक भुक्तानी वार्ड समितीमा पठाउने निर्णय गरीयो।

तपसिल

| वार्ड नं० | कुचिकार संख्या | वार्ड नं० | कुचिकार संख्या |
|---|---|---|---|
| १ | २ | ९ | २ |
| २ | २ | १० | २ |
| ३ | ३ | ११ | २ |
| ४ | २ | १२ | २ |
| ५ | २ | १३ | २ |
| ६ | ४ | १४ | २ |
| ७ | २ | १५ | १ |
| ८ | २ | १६ | १ |
| | | १७ | १ |
| | | १८ | १ |
| | | १९ | १ |
| ईक्यको लागी | ४ | | |

प्र.नं. ३

(१) गत २०४५ भाद्र ५ गते गएको प्रलयकारी भुकम्पबाट पूर्वाञ्चल क्षेत्रको विशेष गरी धरान नगरलाई पुऱ्याएको भीषण क्षतीमा श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडा-महारानी सरकारको अनुकम्पाबाट नगरबासीहरुमा परेको पिर मर्का बारे स्थलगत निरीक्षण गरी बक्सेको शुभ अवसरमा मौसुफ सरकारबाट धरान नगरमा आवश्यक भौतिक पूर्वाधार तयार भै सके पछि अंचलाधीश कार्यालय धरानमा सार्नु भन्ने हुकुम बक्स भएको हुँदा हामी ध० न० पं० परिवार तथा धरान नगरबासीहरु मौसुफ सरकारको जुनाफमा सरकार बाट बक्स भएको मार्ग दर्शन प्रति दृढ संकल्पित रहि कार्य संपादन गर्न प्रतिबद्ध छौं उक्त मार्ग दर्शनको उक्त निर्देशन बमोजीम धरान स्थित ब्रिटीश गोरखा क्याम्प को हाता भीत्र खाली रहने भवन हरु मध्ये उपयुक्त भवनमा ध० न० पं० र स्थानीय जनताहरु समेतको सहयोगबाट भवन निर्माण कार्य सम्पन्न नहुन्जेल सम्मको लागी कोशी अंचलाधीश कार्यालय स्थानान्तरण गरी पाउन मौसुफ सरकारका हजुरमा राजदरबार सचिवालय मार्फत बिन्ती चढाउने निर्णय गरीयो यस सम्बन्धमा श्रीमान कोशी अंचलाधीश समेतलाई अनुरोध गर्ने निर्णय गरीयो ।

(२) आगामी २०४६ साल पौष १४ गते श्री ५ महाराजाधिराज सरकारको ४४ औं शुभ जन्मोत्सवको शुभ अवसरमा ध० न० पं० वार्ड १३ मा निर्माण हुने अंचलाधीश कार्यालय भवनको शिलान्यास गर्न श्रीमान कोशी अंचलाधीश ज्यु मा अनुरोध गर्ने निर्णय गरियो ।

(३) धरानमा नव निर्माण हुने अंचलाधिश कार्यालय भवन निर्माण कार्यको लागी ध. न. पं. मा मौज्दात रहेको लकडी-हरुको लागत र मुल्यांकन समेत गराई उक्त कार्यमा प्रयोग गर्न दिने निर्णय गरीयो ।

प्र० नं० ४

श्री ५ महाराजाधिराज सरकारको ४५ औं शुभजन्मोत्सव को उपलक्षमा शुभ जन्मोत्सव रनिङ्ग शिल्ड फुटबल टुर्नामेन्ट गराउन नेपाल युवक संगठन प्रा० समिती मार्फत उक्त शुभ जन्मोत्सव फुटबल टुर्नामेन्ट गराउने र सो को लागी आ. स. च. पु. शिर्षक नं० १० को (ख) नगर

स्तरीय खेलकुदको लागी कुट्टिएको रु. १०,०००/- दस हजार मात्र नबढाई खर्च गर्ने निर्णय गरीयो ।

प्र. नं. ५

यहि ०४३ पौष १ गते स्व. श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवस मनाइने कार्यक्रमको लागी चालु आ. व. ०४३/४४ को स्वीकृत बजेटको मै परी आउने शिर्षक नं. ११/क मा कुट्टिएको रु. १०,०००/- दस हजार बाट कार्यक्रम संचालन गर्न बजेट अपुग भएकोले रु. ५०००/- पाँच हजार थप गरी पाउ भनी उक्त समारोह समितीका सदस्य सचिव श्री विष्णु मोहन पालिखेको मिति ०४३।९।२६ को निवेदन बमोजिम माँग हुन आएकोले उक्त कार्यक्रमको लागी बजेट शि. नं. १० (ख) विभिन्न सामाजिक धार्मिक संघ संस्थालाई दिइने अनुदान रु. ८२,०००/- मध्ये बाट रु. ४०००/- चार हजार रकम मात्र गरी थप गरी दिने निर्णय गरीयो ।

विविध

(१) यस कार्यालयको रोड रोलर गत वर्ष देखि बिग्री ग्यारेजमा थन्किरहेकोले उक्त रोलर मर्मत गराउन अति आवश्यक भएको हुँदा वार्ड नं. ६२ १३ का अध्यक्ष जिम्मामा रोलर मर्मत गराउने निर्णय गरियो ।

आजको बैठक बिहान ११/१५ बजे समाप्त गरीयो ।

बैठक संख्या - ६४ मिती - ०५६।९।४
समय - बेलुकी ३:३०

## सदस्यवर्गको उपस्थिति

| वार्ड | पद | नाम थर | | हस्ताक्षर |
|---|---|---|---|---|
| १३ | प्रधान पंच | श्री नम देवान | - | [signature] |
| ११ | उप-प्रधान पंच | श्री बलराम थापा | - | [signature] |
| १ | न० पं० सदस्य | श्री उद्धव श्रेष्ठ | - | [signature] |
| २ | " " | श्री चन्द्र प्रसाद श्रेष्ठ | - | [signature] |
| ३ | " " | श्री मोतीराज ताम्राकार | - | |
| ४ | " " | श्री टोम प्रसाद आचार्य | - | [signature] |
| ५ | का० बा० अध्यक्ष | श्री शनिन्द्र भक्त श्रेष्ठ | - | |
| ६ | न० पं० स० | श्री सुरेन्द्र पराजुली | - | |
| ७ | " " | श्री बुद्धराज मोक्तान | - | [signature] |
| ८ | " " | श्री कृष्ण पाखिन | - | |
| ९ | " " | श्री हिरा उपाध्या | - | [signature] |
| १० | " " | श्री जीवन कुमार लावती | - | [signature] |
| ११ | " " | श्री धन प्रसाद लिम्बु | - | [signature] |
| १२ | " " | श्री किशोर सुब्बा | - | |
| १३ | " " | श्री रमेश श्रेष्ठ | - | [signature] |
| १४ | " " | श्री पदम नरसिंह श्रेष्ठ | - | [signature] |
| १५ | " " | श्री पूर्ण सुवेदी | - | [signature] |
| १६ | " " | श्री राम ब० घिमिरे | - | |
| १७ | " " | श्री शरण ब० राई | - | [signature] |
| १८ | " " | श्री रमेश राई | - | |
| १९ | " " | श्री डम्बर ब० तामाङ | - | [signature] |

### पदेन सदस्य

न० प्रौढ संगठन सभापति श्री विष्णु मोहन पलिखे -
न० शु० प्र० सं० " " श्री इन्द्रराज गुरुङ -
न० किसान संगठन " श्री युवराज उप्रेती -
न० युवक " " श्री मिन कुमार सुब्बा -
न० मजदुर " " श्री विष्णु कुमार राई -
न० महिला संगठन " श्रीमती लक्ष्मी राई -

### विशेष आमन्त्रित

माननिय रा. पं. स. श्री कृष्ण कुमार राई - [signature]

आज २०५६ साल पौष ४ गते मंगलबार बेलुकी ३।३० बजे ध० न० पं० को आकस्मिक बोर्ड बैठक श्रीमान प्रधान पंच ज्यू को अध्यक्षतामा बसी निम्न

क्रमशः

प्रस्ताव सम्बन्धमा छलफल गरी निम्न बमोजीम निर्णय गरियो।

प्र० नं० १

"धरान स्थित ब्रिटिश गोरखा क्याम्प भीत्र निकट भविष्यमा पूर्वाञ्चल क्षेत्रीय अस्पताल संचालन हुने भन्ने श्री ५को सरकारको निती रहेको उक्त अस्पताल संचालन मा आए पछि हाल धानमा रहेको अस्पताल नरहने भन्ने श्री ५को सरकारको निती रहेको चर्चामा आएको हुँदा उक्त क्याम्पमा रहने क्षेत्रीय अस्पताल धरान नगर क्षेत्रबाट ३ कि. मि. देखि ७ कि मिय सम्मको दुरीमा रहेको हुँदा यस नगरमा घटन जाने कुनै पनि आकस्मिक दुर्घटनाबाट भएको बिरामीहरु लगायत आकस्मिक रातो बिरामी भएका जनताहरु समेतको उपचारार्थ ब्रिटीश क्याम्प सम्म पुग्न असुविधा हुने भएको हुँदा हाल धानमा रहेको अस्पताल धरान नगरबाट नहटाइयोस भनी श्री ५को सरकारको सम्बन्धित निकायमा ध० न० पं० तथा धरान नगरबासीका तर्फबाट अनुरोध गर्ने" निर्णय गरियो।

प्र० नं० २

श्री चन्द्र आर्गिय संगठनको संयुक्त कार्यालय धरानको माँग अनुसार ध० न० पं०को पुरानो देवनागरी नेपाली टाइप राइटर -१ उक्त संगठन बाटै मर्मत गराउने गरी ५ वार्ड नं० ११का वार्ड सचिव श्री० राम कुमार राइलाई पछि फिर्ता हुने गरी काजमा पठाउने निर्णय गरियो।

उक्त टाइप र टाइपिष्ट मौलीको मिति देखि संगठनमा पठाउने।

प्र० नं० ३. "धरान जेसीसले धरान न० पं० क्षेत्रमा धराधर बनाउने र सो को लागी आवश्यक जग्गा उपलब्ध गराई पाउ भनी माँग गरेकोमा उक्त धराधर बनाउन ध० न० पं० वार्ड नं० ८ स्थित भानुचोकको स्व० भानुभक्तको शालीक माथी वरीपरी पिलर खडा गरी उक्त सालीक समेतको संरक्षण हुने गरी धराधर बनाउन स्वीकृती दिने साथै निर्माण कार्य शुरु गर्नु अघि धरान नगर बिकास समिती संग ~~सम्पर्क~~ राखि कार्य गर्न उक्त

क्रमश:

धरान जेसीसलाई अनुरोध गरी पठाउने,, निर्णय गरियो।

प्र० नं०- ४

धरान नगर पंचायत क्षेत्र भित्रको सम्पूर्ण वडाहरूमा छुटपुट नागरिकता प्रमाणपत्र लिन बाँकी रहेका जनताको लागी नागरिकता टोली नं० २ खटी आएकोले उक्त नागरिकता बितरण गर्ने टोलीलाई १ महिना सम्म बस्दा बिहान बेलुकीको खाना नास्ताको लागी रु. ७००/- सातसय मात्र सम्पूर्ण वार्डको वार्ड स्तरीय योजनाको लागी छुट्टिएको बजेटबाट कट्टा हुने गरी उक्त रकम टोली प्रमुख राम कृष्ण कार्कीलाई उपलब्ध गराउने निर्णय गरियो।

प्र० नं० ५

"यस ध० न० पं० को वार्ड नं० ९ र १० को बिचको बिजय पौडेलको घर नजिकको खहरे खोलामा निर्माण हुने आर. सि. सि. पुल चालु आ० ब० मा श्री ५ को सरकारबाट प्राप्त हुने बिकास अनुदान रकम बाट निर्माण गर्ने भनी नगर सभा र न. पं. बैठक समेतबाट निर्णय भएकोमा चालु आ. ब० मा बिकास अनुदान रकम रु. ३,९०,०००/- तिनलाख नब्बे हजार मात्र प्राप्त हुने भएको हुँदा लागत स्टमेट बमोजीम उक्त रकमबाट अपुग हुने देखिएकोले उक्त निर्माण हुने पुलको दक्षीण र उत्तर तर्फ मुख्य रोकथाम गर्न तार जालीमा ढुंगा भर्ने कार्य समेत गर्नु पर्ने भएकोले श्री ५ को सरकारको जलस्रोत मन्त्रालय बाट ३०० थान तार जाली र जि० पं० सचिवालय सुनसरी बाट ५०० बोरा सिमेन्ट ~~सहयोग~~ सहयोगार्थ माँग गरी पठाउने" निर्णय गरियो।

प्र० नं० ६. "ध० न० पं० क्षेत्र भित्र छुट पुट नागरिकता दिन नागरिकता नं० २ खटी आएको हुँदा नागरिकता लिन सर्व साधारण जनताले भरी पेश गर्नु पर्ने बिभिन्न आवेदन फारमहरू नगर स्तरीय बर्गीय संगठन प्रा० स० को सहयोगार्थ छपाई बेच्ने प्रस्ताव ने० मु० संगठनका अञ्चल सभापती श्री हरीकृष्ण श्रेष्ठबाट प्रस्ताव राख्नु भएकोमा उक्त प्रस्ताव अनुसार

बै० सं० ७५ मिती- ०५६।९।२१
समय- बिहान- ८ बजे

सदस्य वर्गको उपस्थिती

| वार्ड नं० | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १३ | प्रधान पंच | श्री बम देवान — | [signature] |
| ११ | उप प्रधान पंच | श्री बलराम थापा — | अनु० |
| १ | न० पं० सदस्य | श्री उद्धव श्रेष्ठ — | [signature] |
| २ | " " " | श्री चन्द्र प्रसाद श्रेष्ठ — | [signature] |
| ३ | " " " | श्री मोतीराज ताम्राकार — | मोतीराज |
| ४ | " " " | श्री रोम प्रसाद आचार्य — | अनु० |
| ५ | का० वा० अध्यक्ष | श्री ज्ञानेन्द्र श्रेष्ठ — | [signature] |
| ६ | न० पं० स० | श्री सुरेन्द्र पराजुली — | [signature] |
| ७ | " " " | श्री बुद्धराज सोन्जान — | [signature] |
| ८ | " " " | श्री कृष्ण पाख्रिन — | अनु० |
| ९ | " " " | श्री हिरा उदास — | [signature] |
| १० | " " " | श्री जीवन कुमार लावती — | [signature] |
| ११ | " " " | श्री धन प्रसाद लिम्बु — | [signature] |
| १२ | " " " | श्री किशोर सुब्बा — | अनु० |
| १३ | " " " | श्री रमेश श्रेष्ठ — | अनु० |
| १४ | " " " | श्री पदम नारसिंह श्रेष्ठ — | [signature] |
| १५ | " " " | श्री हर्ष दुवेदी | [signature] |
| १६ | " " " | श्री राम बहादुर घिमिरे | [signature] |
| १७ | " " " | श्री शरण बहादुर राई | [signature] |
| १८ | " " " | श्री रमेश राई — | अनु० |
| १९ | " " " | श्री डम्बर ब० तामाङ | [signature] |

पदेन सदस्य

| पद | | नाम, थर | दस्तखत |
|---|---|---|---|
| नेपाल प्रौढ संगठन सभापती | | श्री विष्णु मोहन पालिखे | [signature] |
| ने० भू० प्र० सं० " | " | श्री इच्छाराज गुरुङ | [signature] |
| ने० किसान सं० | " | श्री युवराज ढकाल | [signature] |
| ने० युवक संगठन | " | श्री मिन कुमार सुब्बा | अनु० |
| ने० मजदुर " | " | श्री विष्णु कुमार राई | [signature] |
| ने० महिला " | " | श्री मती लक्ष्मी राई | [signature] |

आज २०५६ साल पौष २१ गते शुक्रबार बिहानै ८ बजे धा० न० पं० को बैठक प्रधान पंच श्री बम देवान ज्यू को अध्यक्षतामा बसी निम्न बिषयहरूमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो।

प्र० नं० १ श्री ५ पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवस मनाउने बारे
यहि २०५६ साल पौष २७ गते राष्ट्रनिर्माता श्री ५ बडा-

महाराजाधिराज पृथ्वी नारायण शाह सरकारको २६८औं जन्म जयन्ती तथा राष्ट्रिय एकता दिवश भव्य एवं धुमधाम संग मनाउने सम्बन्धमा छलफल हुंदा उक्त राष्ट्रिय एकता दिवश राष्ट्रिय एकता झल्काउने किसिमका बिभीन्न कार्यक्रमहरुको साथ भव्य रुपले मनाउन सर्व सम्मतिबाट निर्णय गरियो।

उक्त कार्यक्रमको लागी बढीमा रु.५०००/- पाँचहजार मा नबढाई खर्च गर्ने र राष्ट्रिय झण्डा मझौला खालको १०० एकसय थान तयार गर्ने निर्णय गरियो।

उक्त कार्यक्रमको सदस्य सचिवमा वार्ड नं. १५का अध्यक्ष श्री पूर्ण चुवेदीलाई मनोनयन गरीयो।

<u>प्र.नं.२ राष्ट्रनिर्माता श्री ५ बडामहाराजा पृथ्वी नारायण शाह सरकारको शालीक निर्माण गर्ने बारे।</u>

धरान वार्ड नं. १८ स्थित धरान धनकुटा सडक जोडिने जिरो प्वाइन्टमा राष्ट्रनिर्माता स्व. श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायण शाह सरकारको शालीक निर्माण गर्ने सम्बन्धमा छलफल हुंदा उक्त शालिक निर्माण गर्न चालु आ. व. ०४६/४७ को स्वीकृत बजेटमा छुट्टिएको रु. १००,०००/- एकलाखमा नबढाई नियमानुसार लागत इस्टिमेट गराई गठित निर्माण समिती मार्फत निर्माण कार्य संचालन गराउने निर्णय गरियो।

<u>प्र.नं.३ दमकल मर्मत गराउने सम्बन्धमा।</u>

यस न.पा. को फायरब्रिगेड (दमकल) बिग्री मर्मत को लागी, वार्ड नं. ६का अध्यक्ष सुरेश पराले जिम्मा काठमाण्डौ पठाइएकोमा सो को कोटेशन लिन न.पा. का श्री बुद्धराज मोक्तान र पूर्ण चुवेदी समेत काठमाण्डौ जानु भै सम्बन्धित वर्कसपहरुबाट कोटेशन लिई आउनु भएकोले प्राप्त कोटेशनहरु मध्ये सबैभन्दा घटी विश्वनाथ वर्कसपको भएकोले कोटेशनको परिधी भीत्र रहि डेन्टीङ्ग पेन्टीङ्ग बाहेक दमकलको आवश्यक पार्टस पुर्जा र इन्जिन आदि मर्मत गराउन न.पा.को मिति ०४६।८।६ को निर्णय अनुसार उपाध्यक्षीय प्रतिनिधि काठमाडौं पठाउने निर्णय गरियो। उक्त दमकल मर्मत को लागी सम्बन्धित मर्मत शिर्षकमा बजेट नपुग हुने भएकोले बिकाश निर्माण शिर्षकबाट नया बस पार्कमा यात्री बिश्रामालय एवं शौचालय निर्माण गर्ने भनी छुट्टिएको रु. २००,०००/- दुइलाख मध्येबाट रु. १००,०००/- एकलाख मध्ये मर्मत शिर्षकमा ~~एकमात्र~~ सारी रु. ८०,०००/- असीहजार

र जन प्रतिनिधी भ्रमण शिर्षकमा रु.२०,०००/= बिस हजार थप गर्ने निर्णय गरियो।

उक्त इमरल मर्मत गराउन हाललाई रु २५०००/= पचीस हजार पेश्की निकाशा गर्ने निर्णय गरियो।

✓ प्र०नं०४. धरान अस्पताल सम्बन्धमा

धरान स्थित पुरानो धरान अस्पताल कायम राख्नेको लागी श्री ५को सरकारको सम्बन्धित मन्त्रालय र निकायहरूमा अनुरोध गर्न र आवश्यक कार्वाहीकोलागी प्रतिनिधी मण्डल काठमाण्डौ पठाउन आवश्यक भएकोले वार्ड नं ७का अध्यक्ष श्री चन्द्र प्रसाद गौतमको संयोजकत्वमा वार्ड नं १ २ १६ का अध्यक्षहरू समेत रहने गरी काठमाण्डौ पठाउने निर्णय गरियो। उक्त थप सदस्यहरूलाई भ्रमण खर्च वापत प्रती सदस्य रु. २०००/- दुइहजारका दरले भ्रमण पेश्की निकाशा गर्ने निर्णय गरियो।

बाँकी विषयहरूमा छलफल गर्न अर्को बैठक ०४६ पौष २२ गते आइतवार बिहान ८ बजे बस्ने गरी आजको बैठक बिहान ११/३० बजे स्थगीत गरियो।

बै०सं० ७६

मिति- ०४६।९।२३
समय- बिहान- ८ बजे

## सदस्य वर्गको उपस्थिति

| वार्ड नं० | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १२ | प्रधान पंच | श्री बम देवान — | (दस्तखत) ४६।९।२३ |
| ११ | उपप्रधान पंच | श्री बलराम थापा — | अनु० |
| १ | न० पं० सदस्य | श्री उद्धव श्रेष्ठ — | (दस्तखत) |
| २ | " " " | श्री चन्द्र प्रसाद श्रेष्ठ — | (दस्तखत) |
| ३ | " " " | श्री मोतीराज ताम्राकार — | अनु० |
| ४ | " " " | श्री टोप प्रसाद आचार्य — | अनु० |
| ५ | का०बा० अध्यक्ष | श्री ज्ञानेन्द्र वक्त श्रेष्ठ — | अनु० |
| ६ | न० पं० स० | श्री सुरेन्द्र पराजुली — | अनु० |
| ७ | " " " | श्री बुद्धराज मोक्तान — | (दस्तखत) |
| ८ | " " " | श्री कृष्ण पाख्रिन — | अनु० |
| ९ | " " " | श्री हिरा उदाश — | (दस्तखत) |
| १० | " " " | श्री जीवन कुमार लावती — | (दस्तखत) |
| ११ | " " " | श्री धन प्रसाद लिम्बु — | (दस्तखत) |
| १२ | " " " | श्री किशोर सुब्बा — | (दस्तखत) |
| १३ | " " " | श्री रमेश श्रेष्ठ — | अनु० |
| १४ | " " " | श्री पद्म नरसिंह श्रेष्ठ — | (दस्तखत) |
| १५ | " " " | श्री पूर्ण सुवेदी — | (दस्तखत) |
| १६ | " " " | श्री राम बहादुर घिमिरे — | (दस्तखत) |
| १७ | " " " | श्री शरण बहादुर राई — | (दस्तखत) |
| १८ | " " " | श्री रमेश राई — | अनु० |
| १९ | " " " | श्री डम्बर बहादुर तामाङ — | (दस्तखत) |

### पदेन सदस्य

नेपाल प्रौढ संगठन सभापति श्री बिष्णु मोहन पालिवे - अनु०
नेपाल भू०पू० सै०सं० " श्री इच्छाराज गुरुङ - (दस्तखत)
नेपाल किसान सं० " श्री युवराज उकाल - अनु०
नेपाल युवक सं० " श्री मिन कुमार सुब्बा - अनु०
नेपाल मजदुर संगठन " श्री बिष्णु कुमार राई - अनु०
नेपाल महिला " " श्री मती लक्ष्मी राई - (दस्तखत)

आज ०४६ साल पौष २३ गते बिहान ८ बजे बै०न०पं० को बैठक प्रधान पंच श्री बम देवान ज्यु को अध्यक्षतामा बसी निम्न बिषयहरूमा छलफल गरी निम्न बमोजीम निर्णय गरियो।

### बिशेष प्रस्ताव

श्री ५ युवराजाधिराज दीपेन्द्र वीर बिक्रम शाहदेव सरकार उमेर पुगी पृथुलाई शवार बिभुषित हुँदै बक्सेको

सुखद तथा पुनीत अवसरमा मौसुफ सरकारबाजुनाम्अ
यस न० पं० को बैठकले सर्व सम्मतिबाट हार्दिकअभिवादन
चढाउने निर्णय गरियो।

प्र०नं० १
श्री ५ महाराजाधिराज सरकारको ४२ औं शुभ जन्मोत्सव
तथा श्री ५ बडा महारानी सरकारको ४१ औं शुभ जन्मोत्सव समारोह
मनाउने कार्यक्रमको लागी छुट्टिएको क्रमशः रु. १५०००/- २५०००/-
बाट नपुग भै क्रमश रु. १०,०००/- २रु. १०००/- बढी खर्च
भएकोले नपुग रकम थप गरी पाउभनी उक्त समारोह
समितीका तत्कालीन सदस्य सचिव क्रमश श्री चन्द्र
प्रसाद श्रेष्ठ र श्रीमती लक्ष्मी राईको मिती ०४६।१।२१
को निवेदन अनुसारको माँग हुन आएकोले उक्त दुबै
कार्यक्रममा भएको खर्चको रितपूर्वकको फाँटवारी
लिई नियमानुसार सम्बन्धित शिर्षकबाट रकम भुक्तानी
गरी दिने निर्णय गरियो।

प्र०नं०२. हाल वार्ड नं० १४ स्थित पंचकन्या जंगल
बाट बिद्युत लाइन बिछ्याउने कामको लागी कटान
भै रहेको रूख लकडीको लगत र मुल्याङ्कन गराई
को०भ० कार्यालय भवन निर्माणको लागी प्रयोग
गर्न दिने निर्णय गरीयो।

प्र०नं०३ वार्ड नं०६ घोलु शिल्प कला बिक्रि भण्डार
को भवन पश्चीम नरेन्द्र पथ जाने बाटोमा पर्ने ढल
माथीको स्ल्याव (कलभर्ट) गत वर्षातको बाढी ले
क्षतीग्रस्त भएकोले उक्त कलभर्ट निर्माण गर्न आवश्यक
भएकोले चालु आ० ब० ०४६/४७ को स्वीकृत बजेटको
बिकास निर्माण शिर्षकमा वार्ड स्तरीय योजना
तर्फ ६ नं० वार्डको वार्ड स्तरीय योजनाबाट कट्टा हुने
गरी बिकेन्द्रीकरण कार्य ब्यवस्था नियमावली बमोजिम
वा० कि० गराई उपभोक्ता समिती गठन गराई निर्माण
गराउने निर्णय गरीयो।

प्र०नं०४ यस न० पं० का बिभीन्न कामको लागी
बिभीन्न बिलको भुक्तानी गर्ने सम्बन्धमा छलफल
हुँदा तिर्नु पर्ने यकिन रकमको फाँटवारी लिई
आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो।

प्र. नं. ५. चालु आ० व० ०४६/४७ को स्वीकृत बजेटमा बिकाश निर्माण शिर्षक अन्तर्गत वार्ड नं० २ को पुल निर्माण गर्न नगर स्तरीय योजनामा छुट्टिएको रु. ५०,०००।= मध्येबाट रु. २५०००।= पच्चीस हजार वार्ड नं० ८ को भोडी पुलमा जाने गर्ने कामको लागी रकमान्तर गरी पाउ भनी २ नं० वार्डका अध्यक्ष श्री चन्द्र प्रसाद श्रेष्ठको मिती ०४६।९।२३ को निवेदन उपर छलफल हुँदा सो सम्बन्धमा २ नं० वार्ड समितीबाट निर्णय भै आएको स्वरुपमा उक्त ८ नं० वार्डको भोडी पुल योजनामा बजेट रकमान्तर गरी दिने निर्णय गरीयो।

प्र. नं० ६ यस न० पं० का उप प्रधान पंच श्री बलराम थापाले स्वास्थ उपचार गराउनको लागी रु० १०,०००।= दश हजार रकम निकाशा गरी पाउ भनी दिए भएको निवेदन सम्बन्धमा छलफल हुँदा निजको स्वास्थ उपचार गराउनु नै पर्ने हुँदा आर्थिक पारीश्रमिकबाट कट्टा हुने गरी रु० ५०००।= पाँचहजार मात्र भत्ता पेश्की उपलब्ध गराउने निर्णय गरियो।

प्र. नं० ७ यस न० पं० को गठित प्रशासन समिती, पंचायत समिती र निर्माण समितीको बैठकबाट पारीत निर्णयहरु कार्यान्वयन गर्ने गराउने सम्बन्धमा नियमानुसार प्रधान अधिकृत मार्फत तदारुखताका साथ कार्यान्वयन गराउने निर्णय गरियो।

प्र. नं० ८. वार्ड नं० ६ मा निर्माण हुने कान्जी हाउस सञ्चालन गर्न उक्त कान्जी हाउस तयार भए पछि उक्त ६ नं० वार्ड समिती कै रेख देखमा सञ्चालन गराउने निर्णय गरियो।

प्र. नं० ९. गत: ०४६ आषाढ महिनामा भएको नागरिका बितरण टोलीको लागी भएको खर्चको रु. १८,५००/- फर्स्यौट गरी पाउ भनी मु० डम्बर बिश्वकर्माले पेश गरेको खर्चको फांटवारी सम्बन्धमा नियमानुसार फर्स्यौट गरी दिने निर्णय गरीयो।

आजको बैठक बिहान ११/२५ बजे समाप्त गरीयो।

बैठक संख्या-७८

मिती- ०४६।१०।१०
समय - बिहान - ८ बजे

## सदस्यहरुको उपस्थिति

| वार्ड | पद | नाम, थर | | दस्तखत |
|---|---|---|---|---|
| १३ | प्रधान पंच | श्री वम देवान | - | काठमाडौं काज |
| ११ | उपप्रधान पंच | श्री बलराम थापा | - | बिरामी |
| १ | न० पं० सदस्य | श्री उद्धव श्रेष्ठ | - | [signature] |
| २ | " " " | श्री चन्द्र प्रसाद श्रेष्ठ | - | [signature] |
| ३ | " " " | श्री मोतीराज ताम्राकर | - | मोतीराज |
| ४ | " " " | श्री रोम प्रसाद आचार्य | - | बाहिर |
| ५ | का० बा० अध्यक्ष | श्री ज्ञानेन्द्र बक श्रेष्ठ | - | [signature] |
| ६ | न० पं० स० | श्री सुरेन्द्र पराजुली | | बाहिर |
| ७ | " " " | श्री बुद्धराज भोक्तान | - | बाहिर |
| ८ | " " " | श्री कृष्ण पाख्रिन | - | [signature] |
| ९ | " " " | श्री हिरा उदाश | | [signature] |
| १० | " " " | श्री जीवन कुमार बावले | - | [signature] |
| ११ | " " " | श्री धन प्रसाद लिम्बु | - | बाहिर |
| १२ | " " " | श्री किशोर बुवा | - | बाहिर |
| १३ | " " " | श्री रमेश श्रेष्ठ | - | बाहिर |
| १४ | " " " | श्री पद्म नरसिंह श्रेष्ठ | - | [signature] |
| १५ | " " " | श्री रुपी सुवेदी | - | [signature] |
| १६ | " " " | श्री राम बहादुर घिमिरे | | [signature] |
| १७ | " " " | श्री शरण बहादुर राई | - | [signature] |
| १८ | " " " | श्री रमेश राई | - | बाहिर |
| १९ | " " " | श्री डम्बर बहादुर तामाङ | - | [signature] |

पदेन सदस्य

| पद | | नाम | दस्तखत |
|---|---|---|---|
| सभापति | ने० भू० पू० सै० सं० | श्री इच्छाराज गुरुङ | [signature] |
| " | ने० प्रौढ सं० | श्री बिष्णु मोहन पालिखे | [signature] |
| " | ने० किसान " | श्री युवराज ढकाल | [signature] |
| " | ने० युवक " | श्री मिन कुमार बुवा | बाहिर |
| " | ने० मजदुर " | श्री बिष्णु कुमार राई | [signature] |
| " | ने० महिला " | श्री मती लक्ष्मी राई | बाहिर |

आज २०४६ साल माघ १० गते मंगलवार बिहान ८ बजे धरान न० पं० को बैठक का० वा० प्रधान पंच श्री पद्म नरसिंह श्रेष्ठको अध्यक्षतामा बसी निम्न प्रस्ताव सम्बन्धमा छलफल प्रारम्भ गरियो।

प्र० नं० १ । विशेष प्रस्ताव

यहि २०४६ माघ ५ गते काठमाण्डौको एकसभामा

केहि मुठिभर प्रजातन्त्रवादीभनाउँदा व्यक्तिहरूको इसारामा भारतिय संसदका केहि सदस्य तथा नेताहरूले हाम्रो देशको राष्ट्रिय एकता, अखण्डता र सार्वभौम सत्ता समेतमा आंच आउने किसिमको वक्तव्य दिई सर्व साधारण जनतामा भ्रम फैलाई हामी नेपाली मात्रका एकताका प्रतिक राज संस्था प्रति अपशब्द प्रयोग गरी भ्रम फैलाउने त्यस्ता भारतिय संसदका केहि सदस्य लगायत केहि नेताहरू प्रति घोर निन्दा गर्दका साथै खेद प्रस्ताव पारीत गरी भर्त्सना गर्दछौं।

साथै सैद्धान्तिक निष्ठा प्रतिबद्धता भएका वार्ड स्तरे पंच एवं वर्गीय संगठनका कार्यकर्ताहरू राष्ट्र, राष्ट्रियता, राजनेतृत्व र जन सम्मती प्राप्त प्रजातान्त्रिक पंचायती व्यवस्था प्रति हुने आक्रमणको प्रतिकार गर्न हामी सम्पूर्ण पंच सक्षम छौं र दृढ संकल्प गर्दछौं।

आजको बैठक बिहान १० बजे समाप्त गरीयो।

बैठक संख्या: ७८

मिति: २०४६।१०।२६

समय: बिहान ८ बजे

सदस्यहरूको उपस्थिति

| वडा नं | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १३ | प्रधान पंच | श्री बम देवान | [signature] |
| ११ | उप " | श्री बलराम थापा | [signature] |
| १ | न.पं. सदस्य | श्री उध्दव श्रेष्ठ | [signature] |
| २ | " | श्री चन्द्र प्रसाद श्रेष्ठ | अनु० |
| ३ | " | श्री मोतीराज ताम्रकार | [signature] |
| ४ | " | श्री सोम प्रसाद आचार्य | अनु० |
| ५ | का.वा. " | श्री ज्ञानेन्द्र भक्त श्रेष्ठ | [signature] |
| ६ | न.पं. सदस्य | श्री सुरेन्द्र पराजुली | अनु० |
| ७ | " | श्री बुध्दिराज मोक्तान | अनु० |
| ८ | " | श्री कृष्ण पाख्रीन | [signature] |
| ९ | " | श्री हिरा उदास | [signature] |
| १० | " | श्री जीवन ज्ञावली | [signature] |
| ११ | " | श्री धनप्रसाद लिम्बू | [signature] |
| १२ | " | श्री किशोर सुब्बा | अनु० |
| १३ | " | श्री रमेश श्रेष्ठ | अनु० |
| १४ | " | श्री पदमनरसिंह श्रेष्ठ | अनु० |
| १५ | " | श्री स्वर्ण सुवेदी | [signature] |
| १६ | " | श्री राम बहादुर घिमीरे | [signature] |
| १७ | " | श्री शरण बहादुर राई | [signature] |
| १८ | " | श्री रमेश राई | अनु० |
| १९ | " | श्री डम्बर तामाङ्ग | [signature] |
| | पदेन सदस्य | श्री इच्छाराज गुरुङ्ग | [signature] |
| | " | श्री विष्णुमोहन पालिखे | [signature] |
| | " | श्री विष्णु कुमार राई | [signature] |
| | " | श्री युवराज ढकाल | अनु० |
| | " | श्री मिन कुमार सुब्बा | [signature] |
| | " | श्रीमती लक्ष्मी राई | अनु० |

आज ०४६ साल माघ २६ गते बिहिवार बिहान ८ बजे ध० न० पं० को बैठक प्रधान पंच श्री बम देवान ज्यु को अध्यक्षतामा बसी निम्न प्रस्ताव उपर छलफल गरी निम्न बमोजिम निर्णय गरियो।

प्र. नं. १ स्व० श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा:— यहि आउँदो ०४६ साल फाल्गुण ७ गते प्रजातन्त्र का प्रवर्तक स्व० श्री ५ त्रिभुवन

जयन्ती तथा ४० औं राष्ट्रिय प्रजातन्त्र दिवस बिभिन्न कार्यक्रमको रूपमा भव्य एवं धुमधाम संग मनाउन प्रधान पंच श्री बम देवान ज्यूको अध्यक्षतामा स्व. श्री ५ त्रिभुवन जयन्ती तथा ४० औं राष्ट्रिय प्रजातन्त्र दिवस समारोह समिति गठन गर्ने निर्णय गरियो उक्त समारोह समितीका सदस्यहरूमा पंच, बिभिन्न वर्गीय संगठनका पदाधिकारीहरू, बिभिन्न सामाजिक सेवा संस्थाका पदाधिकारीहरू, नगरका प्रतिष्ठित गण्यमान्य व्यक्तिहरू, बुद्धिजीवी, व्यापारी साहु, महाजन, बिभिन्न कार्यालय प्रमुखहरू रहने छन्। उक्त समारोहको सदस्य सचिवमा वार्ड नं. ९ का अध्यक्ष तथा न. पं. स. श्री हिरा उदाश लाई मनोनयन गरियो

उक्त कार्यक्रमको लागी चालु आ.ब. ०४६/४७ को स्वीकृत वार्षिक बजेटको मै-परे शिर्षक अन्तर्गत कुटिरको रु. ७०००- सात हजार को परिधी भित्र रहि खर्च गर्ने निर्णय गरियो

प्र. नं. २ पंच र्‍याली गर्ने सम्बन्धमा

नेपाली जनताका एकताका प्रतिक राजा, राजमुकुट, राष्ट्र, राष्ट्रियता, राष्ट्रिय स्वाभिमानमा आँच आउने किसिमको साथै जन मानसमा क्षुब्ध हुने प्रकारले केहि स्वदेशी तथा बिदेशी व्यक्तिहरूले बक्तव्य दिई अनर्गल प्रलाप गरेकाले त्यस्ता षड्यन्त्र-पूर्ण कार्यको राजनैतिक रूपले प्रतिकार गर्न सम्पूर्ण नेपाली जनता एकजुट हुन आह्वान गर्दै हाम्रो मुटु भन्दा प्यारो राजमुकुट, राष्ट्रिय स्वाभिमान तथा जन अनुमोदित प्रजातान्त्रीक पंचायती व्यवस्थाका आदर्श, मुल्य मान्यता प्रति प्रतिबद्ध रहन भोली मिती ०४६।१०।२७ गते शुक्रवार धरान नगरमा एक बिशाल एवं भव्य पंच र्‍यालीको आयोजना गर्ने सर्व सम्मति-बाट निर्णय गरियो

उक्त पंच र्‍यालीको लागी बजेटको आवश्यक हुने भएकोले १९ वार्डलाई वार्ड स्तरीय योजनाको लागी कुटिरको रकमबाट रु. २०००/- को दरले बिभिन्न ६ वर्गीय संगठनलाई कुटिरको अनुदान रकमबाट रु. १०००/- को दरले बजेट कटौती गरी उक्त कार्यक्रममा खर्च गर्ने निर्णय गरीयो। उक्त पंच र्‍याली

वार्ड नं. टाक्सिंग फुटबल ग्राउण्डमा भेला भै जुलुस सहित ~~बाट~~ नगर परिक्रमा गरी वार्ड नं. १६को खेलकुद रंगशालामा आम सभामा परिणत हुने निर्णय गरियो।

~~आजको बैठक बिहान ८/३५ बजे~~

वार्ड नं० ६ निवासी प्रभु श्रेष्ठले धरान नगर पंचायत, प्रधान पंच, ६नं. वार्ड अध्यक्ष, ६ नं. वार्डका स.स. कुन्डी- राज दवाल र कुमार कटुवाल समेतलाई बिपक्षी बनाई श्री कोशी अंचल अदालतमा निषेधाज्ञा जारी गरी पाउँ भनी दिएको रिट उपर लिखित जवाफ पेश गर्न यस न. पं. बाट नियुक्त भएका अधिवक्ता बलराम राई र पंचायत तर्फबाट तथा उल्लेखित पंच सदस्य तर्फबाट वारीश भै कार्य गर्न यस कार्यालयका मु० डम्बर बिश्वकर्मा लाई खटाउने निर्णय गरियो।

आजको बैठक बिहान ८/४५ बजे समाप्त गरियो।

~~०४२।७।२६।~~

[signatures]

मिती: २०४६/१२/२६

समय: बिहान :- ८ बजे

सदस्यहरुको उपस्थीति

| वडा नं. | पद | नाम | दस्तखत |
|---|---|---|---|
| १३ | प्रधान पंच | श्री बम देवान - | [signature] |
| ११ | उप " | श्री बलराम थापा - | [signature] |
| १ | वडा अध्यक्ष | श्री उद्धव ओझे - | [signature] |
| २ | " | श्री चन्द्र प्रसाद ओझे - | |
| ३ | " | श्री मोतीराज तामुक्यू - | |
| ४ | " | श्री टेम प्रसाद आचार्य - | [signature] |
| ५ | का.बा. " | श्री ज्ञानेन्द्र भक्त ओझे - | |
| ६ | अध्यक्ष | श्री सुरेन्द्र पाली - | |
| ७ | " | श्री बुद्धराज मोक्तान - | [signature] |
| ८ | " | श्री कृष्ण पाखिन - | [signature] |
| ९ | " | श्री हिरा उदास - | [signature] |
| १० | " | श्री जीवन लावती - | [signature] |
| ११ | " | श्री धनप्रसाद लिम्बु - | [signature] |
| १२ | " | श्री किशोर सुब्बा - | |
| १३ | " | श्री रमेश ओझे - | |
| १४ | " | श्री पद्मताप सिंह ओझे - | [signature] |
| १५ | " | श्री स्वर्ण सुवेदी - | [signature] |
| १६ | " | श्री राम बहादुर घिमीरे - | [signature] |
| १७ | " | श्री शरण बहादुर राई - | [signature] |
| १८ | " | श्री रमेश राई - | |
| १९ | " | श्री उमा तामाङ्ग - | [signature] |
| | पदेन " | श्री इन्द्रराज गुरुङ्ग - | [signature] |
| | " " | श्री युवराज ढकाल - | [signature] |
| | " " | श्री विष्णु मोहन पाखिवे - | [signature] |
| | " " | श्री विष्णु कुमार राई - | [signature] |
| | " " | श्री भिम कुमार सुब्बा - | |
| | " " | श्री मती लक्ष्मी राई - | [signature] |

आज २०४६ साल चैत्र २६ गते बिहान ८ बजे न० पं० बैठक प्रधान पंच श्री बम देवान ज्यू को अध्यक्षतामा बसी निम्न प्रस्ताव सम्बन्धमा छलफल गरियो।

प्र० नं० १ आ० व० ०४७/४८ को प्रस्तावित आय सम्बन्धमा

प्रशासन समितिबाट पारित भै पेश हुन आएको आगामी आ० व० ०४७/०४८ को अनुमानित आयव्यय तर्फको मर्स्यौदा बजेटको आम्दानी शिर्षक हरुमा छलफल

प्रारम्भ गरियो।

उक्त बजेट सम्बन्धी छलफल जारी नै रहेकोले अर्को बैठक मिति ०४६।१२।२८ गते मंगलबार बिहान ८ बजे बस्ने गरी आजको बैठक बिहान १० बजे स्थगीत गरियो।